# रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ

१ नं. प्रदेश, नेपाल

### विषयः- वोलपत्र आव्हानको सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७८/०६/०५

प्रस्तुत विषयमा यस रतुवामाई नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार मकैको बीउ खरिद गर्नुपर्ने भएकाले निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको तपशिल अनुसारको बोलपत्र आह्वान गरिन्छ।

तपशिल :

| क्र.स. | ठेक्का नं | योजनाको नाम | लागत अनुमान रकम रु. (कन्टिजेन्सी समेत) | बोलपत्र जमानत रकम रु. | वोलपत्र फारम खरीद दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | Rmun/NCB/Goods/01/2078-079 | वर्णशंकर मकैको बीउ खरिद | ५९,८९,४५०।०० | १,७०,०००।- | ३०००।- (तिन हजार मात्र) |

१. वोलपत्र फारम मिति २०७८/०७/०४ गते कार्यालय समय भित्र चालु आ को लागि नवीकरण भएको इजाजत पत्र, स्थायी लेखा नं प्रमाण पत्र, आ.व २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप को प्रमाण पत्र, कालोसूचीमा नपरेको स्वयं घोषणापत्र संलग्न गरि निवेदन सहित रु १० को टिकट टाँसी बोलपत्रको आवश्यक राजश्व दस्तुर र (सम्वन्धित ठेक्का नं र नाम खुलेको) बुझाएको बैंक भौचर पेश गरि यस कार्यालय बाट खरिद गर्न सकिने छ ।
वैंकको नामः- मेघा बैक नेपाल लि. सिजुवा,शाखा
आन्तरिक राजश्व खाता , खाता नं.- ००८००१०८४१२६३

२. वोलपत्र फारम मिति २०७८/०७/०५ गते दिनको १२.०० वजे सम्म अधिकार प्राप्त व्यक्तिले दस्तखत गरि फर्म/कम्पनीको छाप समेत लगाई पेश गर्नुपर्ने छ।बोलपत्र सोहि दिनको १:०० वजे देखि यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहबरमा खोलिने छ।बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र खोलिने दिन विदा पर्न गएमा सो कार्य लगतै कार्यालय खुलेको दिन हुनेछ ।

४. वोलपत्र साथ मेघा बैंक नेपाल लि. सिजुवा शाखामा रहेको रतुवामाई नगरपालिकाको धरौटी खाता नं.००८००१००८९७५१ मा फर्मको नामवाट जमानत वापतको नगद रकम जम्मा गरेको भौचर वा पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य वैंक वा वित्तीय संस्थाले यस कार्यालयको नाममा जारी गरिएको बैक जमानत (बैक ग्यारेण्टी) पेश गर्नु पर्ने छ । सो बैक जमानत/भौचरमा सम्वन्धित ठेक्का नं र खरिद कार्यको नाम उल्लेख भएको हुनु पर्ने छ।

५. यस कार्यालयवाट प्राप्त गरेको वोलपत्र फारममा उल्लेखित कार्यको छुट्टाछुट्टै बोलपत्र भरि प्रति इकाई दर अंक र अक्षर दुबैमा स्पस्ट खुलाउनुपर्ने छ ।

६. म्याद नाघी आएको वा रित नपुगेको वा विभिन्न शर्तहरु उल्लेख गरिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन, वोलापत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने निर्णय यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. यस सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन २०६३,(संसोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित),प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

७. बोलपत्रको अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि वेला संसोधन गर्न सक्नेछ र उक्त संसोधन सम्वन्धि जानकारी यस कार्यालयको सूचना पाटि वा वेबसाईटमा राखिनेछ। कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र, पुरै वा आंशिक रूपमा स्विकार / स्विकृत गर्ने वा अस्विकार /अस्विकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहको छ ।

८. वोलपत्र सम्वन्धि थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको फोन नं. ०२१-४१४०५२ वा वेवसाईट www.ratuwamaimun.gov.np \ official E-mail:- ratuwamaimunicipalityinfo@gmail.com मा सम्पर्क गर्न र हेर्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत
रतुवामाई नगरपालिकाको कार्यालय, सिजुवा,
मोरङ्ग

दिनानाथ लम्साल
प्रमुख प्रशासकीय अधिकृत